# कटहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# कटहरी,मोरंग,१ नं.प्रदेश


## आन्तरिक आय बन्दोबस्ती सम्बन्धी ३० दिने सूचना !!!

प्रथम पटक प्रकाशित मितिः २०७९/०३/०८

प्रस्तुत विषयमा स्थानीय सरकार संचालन ऐन , २०७४ मा व्यवस्था भए बमोजिम आर्थिक वर्ष २०७९ /०८० को लागि यस गाँउपालिका क्षेत्रभित्रको ठेक्काहरु बन्दोबस्त गर्नुपर्ने भएकोले ईजाजत प्राप्त फर्म वा कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि, नवीकरण भएको दर्ताप्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर तथा आ.व.२०७७/७८ सम्मको कर तिरेको प्रमाणित प्रतिलिपि पेश गरी ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरु तथा व्यक्तिको हकमा नेपाली नागरिकताको प्रतिलिपि पेश गरी तोकिएको अवधि भित्र रितपूर्वकको बोलपत्रमा भाग लिनुहुनको लागि यो सूचना आह्वान गरिएको छ।

| ठेक्का न. | विवरण | न्युनतम अङ्क(भ्याट सहित) | फारम दस्तुर (रु.) | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र बुझाउने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति , समय र स्थान |
|---|---|---|---|---|---|---|
| KRM/NCB/36/ 2078-79 | विदेशी सवारी सरसफाई शुल्क | ४५,५५,५५५ | ३००० | २०७९/०४/०५ गते कार्यालय समय सम्म । | २०७९/०४/०६ गते १२.०० बजे सम्म | २०७९/०४/०६ गते २.०० बजे । कटहरी गाउँपालिकाको कार्यालय |
| KRM/NCB/37/ 2078-79 | हाट बजार ठेक्का | २५,००,००० | ३००० | २०७९/०४/०५ गते कार्यालय समय सम्म । | २०७९/०४/०६ गते १२.०० बजे सम्म | २०७९/०४/०६ गते २.०० बजे । कटहरी गाउँपालिकाको कार्यालय |

१। बोलपत्र फारम दस्तुरको लागि लाग्ने रु ३०००।००(तीन हजार) मात्रको यस कार्यालयको रा.बा.बैंक कटहरी शाखाको खाता नं.२१९०१००३०१०१०००२ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयमा बुझाएको नगदी रसिद सहित सूचना प्रकाशित भएको मितिले ३० तीस दिन भित्र बोलपत्र फारम खरिद गरी सक्नुपर्नेछ ।



२। बोलपत्रमा ठेक्का कबोल रकमको ५ प्रतिशतले हुने रकम कटहरी गाउँपालिकाको नाममा रहेको रा.बा.बैंक कटहरी  शाखाको हि.न. २१९०१००३०३००००२ धरौटी खातामा जम्मा गरी सोको सक्कल भौचर वा मान्यता प्राप्त बैंक तथा वितिय संस्थाले कटहरी गाउँपालिकाको नाममा जारी गरेको १२० दिन मान्य अवधि भएको बैंक जमानत पत्र पेश गर्नुपर्नेछ ।

३। बोलपत्र स्वीकृत गरेको मितिले ७ दिन भित्र एकमुष्ट रकम जम्मा गरी सम्झौता गर्नुपर्ने छ । एक मुष्ट रकम जम्मा गरेमा १० प्रतिशत रकम छुट दिइने छ ।

४। ठेक्कमा सम्झौताको समयमा बोलपत्रदाताले पहिलो किस्ता वापत कबोल अंकको ४० प्रतिशत  जम्मा गर्नुछ  पर्ने र बाँकी २ किस्ता मध्ये दोस्रो किस्ता ४० प्रतिशत बापत २०७९ पौष मसान्त र तेस्रो किस्ता २० प्रतिशत वापत २०७९ चैत्र मसान्त सम्ममा जम्मा गर्नु पर्नेछ ।

५। सम्पुर्ण रकम एकमुष्ट नबुझाइ किस्तामा रकम बुझाउने भएमा बोलपत्रदाताले ठेक्का सम्भौता गर्ने आउदा कति रकम बुझाउन बाकी रहन्छ सो बराबरको नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त बैकबाट २०८० असार मसान्त सम्म म्याद भएको बैक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।

६। प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्र पेश गर्नुपर्नेछ ।

७। ठेक्का सम्झौता भएपछी बन्द हडताल चक्का जाम जस्त कारण देखाई ठेक्का दर कर छुट वा मिनाहा को लागि दिइने निवेदन उपर कुनै कारवाही हुने छैन र छुट वा मिनाहा हुने छैन ।

८। नेपाल सरकार गाँउपालिकाले बेला बेला दिएको निर्देशन पुर्ण रुपले पालना गर्नुपर्नेछ । साथै ठेक्का सम्बन्धि कुनै विवाद भएमा गाँउपालिकाको निर्णय अन्तिम हुनेछ ।

९। करको दररेटहरु गाँउपालिकाको स्वीकृत आर्थिक ऐन बमोजिम हुनेछ |

१०। फारममा अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । कुनै पनि केरमेट भएमा अक्षरमा लेखिएको कबुल अंकलाई सदर गरिने छ ।

११। सडकमा लाग्ने सरसफाई तथा कर्मचारी सम्बन्धी सम्पुर्ण खर्च तथा अन्य लाग्ने राजश्व ठकेदारले ब्यहोर्नु पर्नेछ ।

१२। ठेक्का अवधि आ.व. २०७९/८० असार मसान्त सम्मको लागि लागु हुनेछ ।

१३। म्याद नाघि र रिट नपुगि प्राप्त फारम उपर कुनै कारवाही हुने छैन |

१४। उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु प्रचलित ऐन कानुन अनुसार हुनेछ ।

१५। अन्य जानकारीका लागि कटहरी गाँउपालिकाको कार्यालयमा सम्पर्क राख्नु होला ।

१६। गाँउपालिकाको ठेक्का वापत बुझाउन बाँकि रहेको ब्यक्ति वा परिवारको अन्य सदस्यले ठेक्कामा सहभागी हुन पाउने छैन ।

१७। बोलपत्र खरिद गर्ने वा दर्ता गराउने वा बोलपत्र खोलिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त सो को लगत्तै कार्यालय खुलेको दिनमा गरिनेछ |